राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस नोट

२०७६ साउन १४

## सत्य निरूपण तथा मेलमिलाप आयोगसँग छलफल

राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य सुदिप पाठक नेतृत्वको टोलीले सत्य निरूपण तथा मेलमिलाप आयोगका सचिव ऋषि राजभण्डारी तथा कर्मचारीहरूसँग आज आयोगको कार्यालय बबरमहलमा भेटघाट तथा छलफल गरेको छ ।

उक्त छलफलमा सत्य निरूपण तथा मेलमिलाप आयोगमा हालसम्म दर्ता भएका उजूरीहरू, उजूरीउपर भएको प्रारम्भिक तथा विस्तृत छानविनको अवस्थाका सम्बन्धमा जानकारी लिनुका साथै उजूरी फाइलहरूको व्यवस्थापन र सुरक्षा अवस्थाको अवलोकन गरेको छ । छलफलको क्रममा दुबै आयोगहरूबीच संक्रमणकालीन न्यायको व्यवस्थापनमा एक आपसमा समन्वय र सहकार्यबाट अगाडि बढ्ने विषयमा समेत छलफल भएको थियो ।

आयोगको टोलीमा आयोगका कर्मचारीहरू समेतको उपस्थिति रहेको थियो ।

३।४।१४

..............................
वेद भट्टराई
सचिव/प्रवक्ता

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone : +977-1-5010015, Fax : +977-1-5547973, G.P.O. Box : 9182, Kathmandu, Nepal
Email : nhrc@nhrcnepal.org, Website : www.nhrcnepal.org